# आर्थिक ऐन, २०८२

रतुवामाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः रतुवामाई नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० बमोजिम रतुवामाई नगरपालिकाको नगर सभाबाट यो ऐन स्वीकृत गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावन १ गते देखि २०८३ साल असार मसान्त सम्म रतुवामाई नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

३. वहाल करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. सवारी साधन करःनगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

६. विज्ञापन करः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५)बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

७. मनोरन्जन करः नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

८. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. सेवा शुल्क, दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. सम्पत्ति कर नगरपालिकाको क्षेत्रभित्र रहेको संरचनामा अनुसूचि १० बमोजिम सम्पत्ति कर असूल उपर गरिनेछ ।

१२. सडक उपयोग सेवा शुल्क नगरपालिकाको क्षेत्रभित्र तोकिएको सडकमा अनूसूचि ११ बमोजिम सडक सेवा शुल्क असुल उपर गरिनेछ ।

१३. कर छुटःदफा २ भन्दा बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई नगरसभाले तोके अनुसार कर छुट दिने अथवा दिईने छैन ।

१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १
## मालपोत

| सि.नं. | कृषि क्षेत्र | आवासीय तथा व्यावसायिक क्षेत्र | | औद्योगिक क्षेत्र | नदिक्षेत्र तथा अन्य |
|---|---|---|---|---|---|
| | | मुख्य बजार क्षेत्र र सडक क्षेत्र | अन्य | | |
| १ | प्रति कठ्ठा रु.१५। | एक कठ्ठा सम्म रु.२००। र एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु.५०। | ५ कठ्ठा सम्म रु.२००। र ५ कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु.३०। | १० कठ्ठा सम्म १०००। र १० कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु.१००। | प्रति विघा रु.२०। |

**नोटः मुख्य बजार भन्नाले झुर्किया (वडा नं.-४),आमवारी(वडा नं.-४,५,६),शनिश्चरेबजार(वडा नं.-६),सौंठा(वडा नं.-६),कादुपडा (वडा नं.-६),दाम्राभिट्टा(वडा नं.-८),इटहरा(वडा नं.-८,९),भौडाह(वडा नं.-९),सोमबारे बजार(वडा नं.-१०),भद्र चौंक(वडा नं.-४) र घर्रु चौंकलाई जनाउदछ ।**

## अनुसूची २
## बहाल कर

| सि.नं. | विषय | आ.व. २०८२/८३ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत आवासीय प्रयोजन घर वहाल कर | ५% | **नोटः**<br>*करदाताले आफूले वहालमा लगाएको वहाल रकम स्वंमघोषणा अथवा सम्झौता पत्र अनिवार्य पेश गर्नुपर्नेछ।<br>*कुनैपनि व्यवसाय तथा संस्था नगरपालिकाको कार्यालय तथा अन्तर्गतको वडा कार्यालयहरुमा दर्ता तथा नवीकरण भए पश्चात मात्र वहाल कर अशुली गर्नेछ अन्यथा सम्वन्धित कार्यालय बाध्य हुने छैन ! |
| २. | संस्थागत/व्यवसायिक प्रयोजन घर वहाल कर | १०% | |
| ३. | व्यवसायिक प्रयोजनका लागि जग्गा लिज वहाल कर | ५% | |
| ४. | कृषि व्यवसायिक प्रयोजनका लागि जग्गा लिज | ५% | |

## अनुसूची ३
## व्यवसाय कर

**पुजीको आधारमा:**

**(क) व्यापारीक बस्तुहरु सुर्तिजन्य तथा मदिरा सगं सम्बन्धित बस्तूहरुको व्यापार व्यवसाय**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाख सम्म | ४०००। | ३०००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ६०००। | ५०००। |
| ३. | १० लाख १ देखि २० लाख सम्म | ८०००। | ७०००। |
| ४. | २० लाख १ देखि ३० लाख सम्म | १५०००। | १००००। |
| ५. | ३० लाख १ देखि ५० लाख सम्म | २००००। | १५०००। |
| ६. | ५० लाख १ देखि १ करोड सम्म | २५०००। | २००००। |
| ७. | १ करोड देखि जति भएपनि | ३००००। | २५०००। |

(ख) मोबाइल, क्यामेरा, टेलीभिजन, चस्मा लगायतका विद्यूतिय समाग्री (सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरू)

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाखसम्म | २५००। | २०००। |
| २. | ५ लाख १ देखि २० लाख सम्म | ३५००। | २५००। |
| ३ | २० लाख १ देखि ५० लाख सम्म | ४५००। | ३५००। |
| ४. | ५० लाख १ देखि १ करोड सम्म | ६०००। | ५०००। |
| ५. | १ करोड १ देखि ५ करोड सम्म | १००००। | ७०००। |
| ६. | ५ करोड १ देखि माथी | २००००। | १५०००। |

(ग) गाडी,मोटरसाईकल,मिल,मेशिनरीको आदि पार्टस्:

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाख सम्म | ३५००। | २५००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ४५००। | ३५००। |
| ३ | १० लाख १ देखि २० लाख सम्म | ६५००। | ५५००। |
| ४. | २० लाख १ देखि १ करोड सम्म | १५०००। | १००००। |
| ५. | १ करोड १ देखि माथि | ३५०००। | २५०००। |

(घ) किराना, किताव, कापी तथा स्टेशनरी संग सम्बन्धित व्यवसाय:

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | १ लाख सम्म | १५००। | १०००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | २०००। | १५००। |
| ३. | ५ लाख १ देखि २० लाख सम्म | ३५००। | २५००। |
| ४. | २० लाख १ देखि २५ लाख सम्म | ४०००। | ३०००। |
| ५. | २५ लाख १ देखि माथि | ५०००। | ४०००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा

१) (कृषि फर्म, गाई पालन, सूंगूर पालन, बाख्रा पालन व्यवसाय आदी ।

| सि.न. | विवरण | दर्ता शुल्क | २ वर्षको नवीकरण दस्तुर (२०८१/८२) | चालु आ.व.को लागि |
|---|---|---|---|---|
| १. | १ लाखसम्म | ५००। | ५००। | २५० |
| २. | १ लाख १ देखि ३ लाख सम्म | ८००। | ७००। | ३५० |
| ३. | ३ लाख १ देखि ५ लाख सम्म | १०००। | १०००। | ५०० |
| ४. | ५ लाख १ देखि २० लाख सम्म | २०००। | १५००। | १००० |
| ५. | २० लाख १ देखि ३० लाख | २५००। | २०००। | १२०० |
| ६. | ३० लाख १ देखि ५० लाख | ३०००। | २५००। | १५०० |
| ७. | ५० लाख १ देखि १ करोड सम्म | ४०००। | ३०००। | २००० |
| ८. | १ करोड भन्दा माथि जति भएपनि | ५०००। | ४०००। | २५०० |
| ९. | कृषि समूह | ५००। | ५००। | २५० |

**२) कृषि सामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर,कुखुरा दाना, पशूपंक्षी आहार,दुध डेरी :**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाखसम्म | २०००। | १५००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | २५००। | २०००। |
| ३. | १० लाख १ देखि २० लाख सम्म | ३०००। | २५००। |
| ४. | २० लाख १ देखि ५० लाख सम्म | ३५००। | ३०००। |
| ५. | ५० लाख १ देखि १ करोड सम्म | ४०००। | ३५००। |
| ६. | १ करोड भन्दा माथि जति भएपनि | ४५००। | ४०००। |

(च) **शिसा, अल्मुनियम, फ्रेमिङ, कार्टपेट, सजावटका सामान आदि** :

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाख सम्म | ३०००। | २०००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ३५००। | २५००। |
| ३. | १० लाख १ देखि २० लाख सम्म | ४५००। | ३०००। |
| ४. | २० लाख १ देखि ५० लाख सम्म | ५०००। | ४०००। |
| ५. | ५० लाख देखि माथी । | ६०००। | ५०००। |
| ६. | दाउरा विक्री घरायसी जलाउने प्रयोजन | ३०००। | २०००। |
| ७. | फर्निचर बिक्रि मात्र | ४५००। | ३५००। |
| ८. | बनाएर विक्री गर्ने सहित | ६०००। | ५०००। |
| ९. | स-मिल | ७५००। | ६०००। |

(छ) **कपडा, रेडिमेड कपडा आदि व्यवसाय:**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | घुमिया व्यापारी | २५००। | १५००। |
| २ | ५ लाख सम्म | ३०००। | २०००। |
| ३. | ५ लाख १ देखि १० लाख | ४०००। | ३०००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | ५०००। | ४०००। |
| ५. | २० लाख देखि ३० लाख सम्म | ६०००। | ५०००। |
| ६. | ३० लाख १ देखि ५०लाख सम्म | ७०००। | ६०००। |
| ७. | ५०लाख देखि १ करोड सम्म | १५०००। | १००००। |
| ८. | १ करोड देखि माथि | २००००। | १५०००। |
| ९. | अनलाइन कपडा तथा जुत्ता स्टोर | ५००० | ३०००। |

(ज) **निर्माण सामग्री(रड,सिमेन्ट,) हार्डवेयर व्यवसाय:**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | १० लाख सम्म | ४०००। | ३०००। |
| २ | १० लाख १ देखि १५ लाख सम्म | ५०००। | ४०००। |
| ३. | १५ लाख १ देखि ३० लाख सम्म | ६५००। | ५५००। |
| ४. | ३० लाख १ देखि १ करोड सम्म | ८०००। | ७५००। |
| ५. | १ करोड देखि ५ करोड सम्म | १५०००। | १००००। |
| ६. | ५ करोड देखि माथि | २००००। | १५०००। |

**(झ) अटो मोबाईल,सवारी साधन सोरुमः साईकल,ई-रिक्सा,मोटरसाईकल,ट्याक्टर विक्री, कार जीप, अटोमोवाइल्स तथा पार्ट्स:**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | रि-कन्डिसनल ई-रिक्सा, सफारी, अटो सोरुम पार्ट्स सहित | ५००० | ३०००। |
| २. | नयाँ ई-रिक्सा, सफारी, अटो सोरुम पार्ट्स सहित | ६०००। | ५०००। |
| ३. | रि-कन्डिसनल मोटरसाइकल सोरुम पार्ट्स सहित | ७००० | ५००० |
| ४. | नयाँ मोटरसाइकल सोरुम पार्ट्स सहित | १००००। | ८०००। |
| ५. | पावर टिलर,ट्याक्टर सोरुम पार्टस् सहित | १५०००। | १००००। |
| ६. | कार, जिप, भेन सोरुम पार्टस् सहित | २००००। | १५०००। |
| ७ | ट्रक तथा अन्य भरि सवारी साधन सोरुम पार्टस् सहित | २५०००। | २००००। |

**विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा:**

(क)**गैर सरकारी अस्पताल,नर्सिंग होम,ल्याव क्लिनिक,चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आर्यूवेदिक, पशू डाक्टर, भेटरीनरी, सर्जिकल लगायत स्वस्थ्य संग सम्बन्धित व्यवयासहरू:**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर | सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | एम.डी. डाक्टरलाई | ६०००। | ५०००। | ७. | सर्जिकल थोक<br>सर्जिकल खुद्रा | ७५००।<br>४५००। | ५०००।<br>३५००। |
| २. | एम.वि.वि.एस., पशु डाक्टर | ४५००। | ३५००। | ८. | औषधी थोक पसल | ६५००। | ५०००। |
| ३. | पशुपंक्षी उपचार क्लिनिक फार्मेसी सहित | २५००। | २०००। | ९. | औषधी खुद्रा पसल | ५०००। | ४०००। |
| ४. | आयुर्वेद क्लिनिक तथा उपचार सेवा केन्द्र | ३०००। | २०००। | १०. | डेन्टल क्लिनिक | १५०००। | १००००। |
| ५. | निजी क्लिनिक तथा ल्याव | ८०००। | ६०००। | ११. | भिडियो एक्सरे | ५०००। | ३५००। |
| ६ | गैर सरकारी अस्पताल तथा नर्सिंग होम(आखा,दात उपचार सेवा सहित) | ३००००। | २५०००। | १२. | शारिरीक व्यायाम सामाग्री विक्रि | ५०००। | ३५००। |

**नोट : यस पालिकामा स्वास्थ्य सम्वन्धि व्यवसाय दर्ता/नवीकरण गर्दा सम्वन्धित निकायमा अनुमति लिएर मात्र संचालन गर्नुपर्नेछ !**

| नगर अस्पताल झुर्किया द्वारा प्रदान गरिने स्वास्थ्य सेवाहरुका दस्तुर | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **स्वास्थ्य सेवाको नाम** | **दस्तुर** | **क्र.सं.** | **स्वास्थ्य सेवाको नाम** | **दस्तुर** |
| १. | OPD Ticket | रु.५० | ४०. | Blood sugar F | रु.५० |
| २. | Emergency Ticket | रु.७५ | ४१. | Blood sugar PP | रु.५० |
| ३. | Dressing Minor | रु.५० | ४२. | RFT | रु.५०० |
| ४. | Stitch Removal | रु.१०० | ४३. | Urea | रु.१०० |
| ५. | Suturing Small LA | रु.१०० | ४४. | Creatinine | रु.१५० |
| ६. | Malaria Parasite | निशुल्क | ४५. | Sodium Potassium | रु.२५० |
| ७. | ANC Package | निशुल्क | ४६. | Uric Acid | रु.१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | Dengue | निशुल्क | ४७. | Amylase | रु.२०० |
| ९. | H1N1 | निशुल्क | ४८. | S. Calcium | रु.२०० |
| १०. | H3N2 | निशुल्क | ४९. | Lipase | रु.३५० |
| ११. | Sputum For AFB | निशुल्क | ५०. | Cholesterol | रु.२०० |
| १२. | MP Serology | निशुल्क | ५१. | Triglyceride | रु.२५० |
| १३. | ARV | निशुल्क | ५२. | Lipid Profile | रु.७०० |
| १४. | Medical Certificate | रु.५०० | ५३. | LFT | रु.५०० |
| १५. | Police Case Form | रु.५०० | ५४. | Bilirubin Total | रु.७५ |
| १६. | Dressing Major | रु.२०० | ५५. | Bilirubin Direct | रु.७५ |
| १७. | Suturing Large LA | रु.५०० | ५६. | Alkaline Phosphate | रु.१०० |
| १८. | Catheterization | रु.२०० | ५७. | SGPT | रु.१०० |
| १९. | Plaster | रु.७५० | ५८. | SGOT | रु.१०० |
| २०. | Ear Syringing | रु.१०० | ५९. | Total Protein | रु.१०० |
| २१. | Dental extraction | रु.१०० | ६०. | Albumin | रु.७० |
| २२. | Minor OT | रु.१००० | ६१. | CRP Latex | रु.१५० |
| २३. | X-ray- single site- single view/ single film | रु.२५० | ६२. | CRP Quantitative | रु.५०० |
| २४. | X-ray- single site- double view/ single film | रु.५०० | ६३. | Troponin | रु.८०० |
| २५. | X-ray- single site- multiple view/ double film | रु.७५० | ६४. | Vitamin D | रु.१७०० |
| २६. | USG | रु.६०० | ६५. | Vitamin B12 | रु.११०० |
| २७. | ECG | रु.२०० | ६६. | Thyroid function test (TFT) | रु.९०० |
| २८. | CBC | रु.३०० | ६७. | RA Factor | रु.१०० |
| २९. | HB | रु.५० | ६८. | VDRL | रु.१०० |
| ३०. | RBC | रु.५० | ६९. | HBsAg | रु.२५० |
| ३१. | Plateletes | रु.५० | ७०. | HCV | रु.३०० |
| ३२. | ESR | रु.५० | ७१. | HIV | रु.३०० |
| ३३. | BT | रु.५० | ७२. | TPHA | रु.५० |
| ३४. | CT | रु.५० | ७३. | Aso Titre | रु.२०० |
| ३५. | PT INR | रु.१५० | ७५. | Urine RE/ME | रु.५० |
| ३६. | Blood Group | रु.५० | ७६. | Stool RE/ME | रु.५० |
| ३७. | HbAlc | रु.६०० | ७७. | Occult Blood | रु.५० |
| ३८. | Widal Test | रु.१०० | ७८. | H Pylori ag/ab | रु.७०० |
| ३९. | Blood sugar R | रु.५० | | | |

नोटः

१) स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट उपलब्ध हुने प्रयोगशाला लगायत अन्य सबै आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने ।

२) साथै माथि उल्लेखित बाहेक अस्पतालबाट उपलब्ध हुने सेवा शुल्क स्वास्थ्य बिमा बोर्ड र सम्बन्धित कार्यविधिले तोके बमोजिम कायम हुने ।

**(ख) टेलि चलचित्र, बृत्तचित निर्माण, परामर्श सेवा, अनूसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि।**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाख सम्म | ३५००। | २५००। |
| २ | ५ लाख १ देखि १५ लाख सम्म | ४५००। | ३०००। |
| ३. | १५ लाख १ देखि २० लाख सम्म | ५५००। | ४५००। |
| ४. | २० लाख १ देखि१ करोड सम्म | ६५००। | ५०००। |
| ५. | १ करोड १ देखि ५ करोड सम्म | १००००। | ७०००। |
| ६. | ५ करोड १ देखि माथि जति भएपनि | १५०००। | १००००। |

**(ग) केवल तथब इन्टरनेट नेटवर्क व्यवसाय:**

| सि.न. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | प्रति शाखा कार्यालय इन्टरनेट र केवल भएको हकमा | १००००। | ७५००। |
| २. | प्रति शाखा कार्यालय इन्टरनेट वा केवलमात्र भएको हकमा | ७५००। | ५०००। |

**(घ) लेखापरीक्षक**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | श्रेणी क | ४०००। | ३०००। |
| २. | श्रेणी ख | ३०००। | २५००। |
| ३. | श्रेणी ग | २५००। | २०००। |
| ४. | श्रेणी घ | २०००। | १५००। |

**ङ) कानुन व्यवसायी**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | बरिष्ठ अधिवक्ता | ६०००। | ५०००। |
| २. | अधिवक्ता | ५०००। | ४०००। |
| ३. | लेखापढी व्यवसाय | ३०००। | २५००। |

**च) अन्य सेवाहरू वा फर्म**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | बिमा एजेन्ट बिदेशी | १५०००। | १००००। |
| २. | बिमा एजेन्ट स्वदेशी | १००००। | ५०००। |
| ३. | विज्ञापन ऐजेन्सी | १००००। | ५०००। |
| ४. | सेयर मध्यस्थकर्ता | १५०००। | १००००। |
| ५. | अभिकर्ता | २०००। | १०००। |

छ) **निर्माण व्यवसाय** तथा **घर नक्सा कन्सलटेन्सी** दर्ता

| क्र.सं. | **विवरण** | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणी क | ३००००। | २५०००। | |
| २. | श्रेणी ख | २५०००। | २००००। | |
| ३. | श्रेणी ग | २००००। | १००००। | |
| ४. | श्रेणी घ | १५०००। | ७५००। | प्रतिलिपि दस्तुर रु.१५००। |
| ५. | घर नक्सा बनाउने ईन्जिनियरीङ कन्सलटेन्सी | १५०००। | १२०००। | |

**नोटः घ वर्गको निर्माण व्यवसायको स्थानतरण (ठाउँसरी) दस्तुर रु.१५०००।,नामसारी तीनपुस्ते बाहिर रु.३०००।, तिनपुस्ते भित्र रु.२०००। र घ वर्ग निर्माण व्यवसायको नाम परिवर्तन दस्तुर रु.३०००। पुँजी वृद्धि १ पटकका लागि १०००।**

**ज) कूटानी पिसानी व्यवसायहरूको हकमा**

| क्र.सं. | **विवरण** | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | कूटानी पिसानी पेलानी सहित | २०००। | १५००। |
| २. | चियुरा तथा भुजा मिल मात्र | ३०००। | २०००। |
| ३. | कुटानी पिसानी पेलानी चिउरा मसला बेसार | ३५००। | २५००। |
| ४. | कूटानी पिसानी पेलानी तथा विक्रि वितरण | ३५००। | २७००। |
| ५. | चियुरा तथा भुजा मिलविक्रि वितरण | ५५००। | ४०००। |
| ६. | सेलर मिल | ८०००। | ५०००। |
| ७. | मकै सुकाउने व्यवसाय(ड्रायर मेशिन) | ५५००। | ४०००। |

**ञ) पर्यटन सेवा व्यवसाय:**

**आवास लज होटेल फास्टफूड रेष्टूरा रिसोर्ट, ट्राभल्स एजेन्सी स्वमिङ पुल कन्फ्रेन्स हल आदि**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा १ लाख सम्म लगानी भएको होटल | ८००। | ५००। |
| २. | १ लाख १ देखी ५ लाख सम्म | २०००। | १५००। |
| ३. | ५ लाख १ देखी १० लाख सम्मको | ३०००। | २०००। |
| ४. | १० लाख १ देखी २० लाख सम्म | ३५००। | २५००। |
| ५ | २० लाख भन्दा बढि | ८०००। | ५०००। |
| ६ | रिसोर्टहरुको हकमा | १३०००। | १००००। |
| ७ | होमस्टे | ५०००। | ४०००। |

**नोटः आवासीय होटेल,होमस्टे तथा रिसोर्ट व्यवसायमा मदिरा पदार्थ विक्री गर्ने हकमा थप अनुशूची ३ को (क) अनुसार थप दस्तुर लाग्ने छ !**

**ट) संचार सेवा एफ एम समेतः**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाखसम्म | ३०००। | २०००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ४०००। | २५००। |
| ३. | १० लाख १ देखि२० लाख सम्म | ५०००। | ३५००। |

| | | | |
|---|---|---|---|
| ४. | २० लाख सम्म भन्दा माथि | ८०००\| | ५०००। |
| ५. | एफ.एम.रेडियो प्रसारण | ८०००\| | ५०००। |

**मोवाईल टावर ठुलो रू.२००००। (बार्षिक)ठूलो भन्नाले घरको छतमा राखीएका टावर र भुईमा राखीएका टावरहरूको हकमा कम्तीमा २ तल्ला सम्मको उचाई भएका टावर समेतलाई जनाउने छ । सानोको हकमा १५०००।**

## वित्तीय सेवा

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | वित्तीय कम्पनीको मूख्य कार्यालय | ३००००\| | २५०००। | |
| २. | निजी क्षेत्रद्वारा संचालित वाणिज्य/कमर्शियल वैक, विदेशी विमा कम्पनी शाखा | २००००\| | १५,०००। | नोटःएउटा वडा भन्दा थप वडामा सेवा बिस्तार गरेको हकमा बेग्ला-बेग्लै कर लाग्नेछ। |
| ३. | विकास बैंक, | १५०००\| | १००००। | |
| ४. | विमा कम्पनी | ८०००\| | ५०००। | |
| ५ | मनि ट्रान्सफर | ५०००\| | ३०००। | |
| ६ | अनलाइन वित्तिय सेवा(E-Sewa आदि) | ३०००\| | २०००। | |
| ७ | लघूवित्त | ८०००\| | ६०००। | |
| ८ | १ करोड सम्म कारोवार (वासालत) भएका सहकारी | ४०००\| | ३०००। | नोटःरतुवामाई नपा बाहिर केन्द्र कार्यालयरहेको हकमा बेग्लाबेग्लै कर लाग्नेछ र नगरपालिका भित्र नै केन्द्र कार्यालय रहेको हकमा थप सेवा कार्यालयहरुलाई ५०% कर छुट दिइनेछ ! |
| ९ | १ करोड देखी ३ करोड सम्म (वासालत) भएका सहकारी | ५०००\| | ४०००। | |
| १० | ३ करोड देखी ५ करोड सम्म (वासालत) भएका सहकारी | ८०००\| | ६०००। | |
| ११ | ५ करोड भन्दा माथि (वासालत) भएका सहकारी | १००००\| | ८०००। | |
| १२. | सेवा केन्द्र थपको सिफारिस दस्तुर | प्रति सेवा केन्द्र रु.२०००\|- | | |

**नोटः**

**१)COPOMIS प्रणालीमा वार्षिक प्रतिवेदन पेश नगर्ने सहकारी संस्थालाई रु.१०००|- जरिवाना लाग्नेछ ।**

**२)बचत तथा ऋणको कारोवार नगरी पूर्णरुपमा कृषिमा आधारीत सहकारीका हकमा ७५% छुट दिइनेछ । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारीस गर्नु पर्ने भएमारु.१०००|-|**

## तालिम तथा प्रशिक्षण केन्द्रहरू:

| क्र.सं. | **विवरण** | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ, लगायत फोटो कपी समेत संचालन भई काम गर्ने हरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्र वाट दिइने शिक्षा सेवा तथा कोचिङ सेन्टर | ४०००\| | ३०००। |
| २ | ड्राईभिङ सेन्टर (सवारी प्रशिक्षण केन्द्र) | ७०००\| | ५०००। |
| ३. | कराटे, योगा, फिट्नेस सेन्टर आदि | २५००\| | १५००। |
| ४. | संगीत विद्यालय(नृत्य तथा गायन तालिम केन्द्र) | २५००\| | १५००। |

**मर्मत सेवा**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | टेक्टर, बस, ट्रक,हेवी इक्युवमेन्ट, कार, जीप, सवारी डेन्टिङ्ग मोटरपार्टस, मिलमेशीनरी, एयरकुलर, टायर रिसोलिङ्ग, डाईनामाईट | ६०००। | ५०००। |
| २ | मोटरसाईकल, स्कूटी,अटो,विद्यूतीय सफारीआदि पाट्र्स सहित | ३५००। | २५००। |
| ३ | साइकल, रिक्सा | १५००। | १०००। |
| ४ | साइकल, रिक्सा मर्मत तथा नयाँ विक्री समेत | ४०००। | ३०००। |
| ५ | रेडियो घडि टिभी,मोबाइल आदि ईलेकक्ट्रोनिक्स सामान | ३०००। | २०००। |
| ६ | घरायसी प्रयोजनमा रहेका सामानहरु(ग्यासचुलो,कुकर तथा अन्य) | २५००। | १५००। |

**अन्य सेवा**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्था हाउजिङ कम्पनी | ७०००। | ५०००। |
| २. | उद्योग, संघसस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | ७०००। | ५०००। |
| ३. | विज्ञापन सेवा फोटो स्टूडियो | ५०००। | ३०००। |
| ४. | घरजग्गा खरिद विक्री | ८०००। | ५०००। |
| ५. | कलर ल्याव | ३०००। | २०००। |
| ६. | व्यूटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलुन, नर्सरी,वेकरी | २५००। | १,५००। |
| ७. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | १५००। | १,०००। |
| ८. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | २०००। | १,५००। |
| ९. | पंचेवाजा | निशुल्क | निशुल्क |
| १०. | वैण्ड वाजा | २५००। | १५००। |
| ११. | सितभण्डार | ६५००। | ५,०००। |
| १२. | टेण्ड हाउस | ४०००। | ३,०००। |
| १३. | हाफ क्याटरीङ | ३०००। | २,०००। |
| १४. | साईवर क्याफे | २५००। | १५००। |
| १५. | एग्रोभेट | २०००। | १५००। |
| १६. | मल बिक्रेताको लागि दर्ता तथा नविकरण | १०००। | ५००। |
| १६. | कवाडी पसल थोक | १००००। | ७,०००। |
| १७. | कवाडी पसल खुद्रा | ८०००। | ५,०००। |
| १८. | ढुवानी सेवा शाखा भएका | ४५००। | ३५००। |
| १९. | ढुवानी सेवा शाखा नभएको | ३५००। | २५००। |
| २०. | अन्य यातायात सेवा | ४०००। | ३०००। |
| २१. | तिर्थको लागिमात्र यातायात सेवा छुट सहित भएको | २५००। | १५००। |

| | | | |
|---|---|---|---|
| २२. | खाना मात्र विक्री होटल | २५००। | १५००। |
| २३. | सेटरीङ व्यवसाय | ३५००। | २५००। |
| २४. | १ मेसिन राखी कपडा सिलाई गर्ने | १०००। एकमुष्ट | एक मेसिनको हकमा रु.५००। र थप १ मेसिन बराबर रु.२००। |
| २५. | खाद्यान्न सम्बन्धि कांटा व्यवसाय | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
| क | ५ लाख सम्म | २०००। | १५००। |
| ख | ५ लाख देखि १० लाख सम्म | २५००। | २०००। |
| ग | १० लाख देखि १५ लाख सम्म | ३०००। | २५००। |
| घ | १५ लाख देखि २० लाख सम्म | ४०००। | ३०००। |
| ङ | २० लाख देखि माथि | ५०००। | ३५००। |
| २६. | पेट्रोलियम पदार्थ बेच्ने पम्प | २५०००। | २ वटा टूटी सम्म १५०००। |
| | | | थप प्रति टुटी ३००० |
| २७. | ग्यास विक्री डिलर | २५००। | १५००। |
| २८. | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत खुद्रा विक्रेता र थोक विक्रेता | ३५००। | २५००। |
| २९. | डिपार्टमेन्ट स्टोर रेष्टुरेन्ट बेकरी सहितको | २५०००। | २००००। |
| ३०. | डिपार्टमेन्ट स्टोर | १५०००। | १०,०००। |
| ३१. | सुनचादी पसल | ७०००। | ५५००। |
| ३२. | फलाम,तामा तथा अन्य धातुबाट सामाग्री बनाउने | ५०००। | ४०००। |
| ३३. | हरियो साग तरकारी, फलफूल थोक विक्री | २०००। | १५००। |
| ३४. | हरियो साग तरकारी, फलफूल खुद्र विक्री | १०००। | ७००। |
| ३५. | फलफूल विक्री तथा जुस सहित | २०००। | १५००। |
| ३६. | पानपसल | १२००। | १०००। |
| ३७. | पकौडा,चटपटे,पानी पुरी आदि | ७००। | ५००। |
| ३८. | हाईजेनिक सामग्री विक्री व्यवसाय | ३०००। | २५०० |
| ३९. | फर्म सूचिकृत (नगरपालिकामा परामर्श सेवा लगायत विभिन्न कार्यका लागि) | - | ५००। |
| ४०. | कृषि समुह | ५०० | २५० वार्षिक |

**उद्योग:**

**उद्योग,कम्पनि र प्राली भनी दर्ता हुन आउने सबै प्रकारका(कृषि बाहेक) व्यवसायहरुको हकमा।**

क)

| क.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ३ लाख सम्म | ३०००। | २०००। |
| २. | ३ लाख १ देखी ५ लाख सम्म | ४०००। | ३०००। |
| ३. | ५ लाख १ देखी १० लाख सम्म | ५०००। | ४०००। |
| ४. | १० लाख १ देखी २० लाख सम्म | ७०००। | ५५००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | १५०००। | १००००। |
| ६. | १ करोड १ देखि ५ करोड सम्म | २००००। | १५,०००। |
| ७. | ५ करोड देखि माथी | ३५०००। | २५,०००। |

ख)ईँटा उद्योगको हकमा दर्ता शुल्कः प्रति चिम्नी रु. २,००,०००।- र वार्षिक नवीकरण दस्तुरःरु.१,५०,०००।-
ग)आधुनिक ईँटा उद्योग (चिम्नी नभएको)को हकमा दर्ता शुल्क रु १,५०,०००। र वार्षिक नवीकरण दस्तुरःरु.१,००,०००।-

**ग्रिल उद्योग**

| क्र.सं. | विवरण | दर्ता शुल्क | वार्षिक नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाख सम्म | ४५००। | ३०००। |
| २. | ५ लाख १ देखि १० लाख सम्म | ५५००। | ४०००। |
| ३. | १० लाख १ देखि २० लाख सम्म | ७५००। | ५५००। |
| ४. | २० लाख १ देखि ५० लाख सम्म | ८५००। | ७०००। |
| ५. | ५० लाख १ देखि १करोड सम्म | १३०००। | १००००। |
| ६. | १ करोड भन्दा माथि | २००००। | १५०००। |

नोट : उल्लेखीत व्यवसायको हकमा अन्य निकायलाई गरीने सिफारीस बापतको दस्तुर अनुसूची-९मा तोकिए अनुसार लाग्ने छ।

**नोट:**

१ माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा, व्यवसाय र उद्योगको किसिम हेरी माथीको कर दरमा नघट्नेगरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईने छ ।

२ नगरपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदि लाई बन्द गर्नुपर्दा आवश्यकतानुसार निरिक्षणगरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारीस दिईनेछ । र सोको विवरण छुट्टै फायल खडा गरी अध्यावधिक गरी राखिने छ ।

३. व्यवसायिक फर्म नामसारी गर्दा रु १०००।- र कृषिको हकमा रु.३००।- राजश्व लिई नामसारी गरीने छ ।

४. नगरपालिकालाई आवश्यक परेमा (व्यवसायको किसीम निर्धारण गर्ने सन्दर्भमा) निजको ब्यवसायको कारोवारको आन्तरिक राजश्व कार्यालय वा अन्त:शुल्क कार्यालय वाट कारोवार प्रमाणीत विवरण माग गर्न सकिने छ साथै नगरपालिकाले तोकेको कर्मचारीबाट निरीषण गरी निरीषण प्रतिवेदनका आधारमा कर तय गरीनेछ ।

५. नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजस्व बुझाउन वांकी रहेमा न.पा.बाट प्रदान गरिने सिफारिस लगायतका सेवा प्रवाह वाट बञ्चित गर्न सकिनेछ।

६. व्यवसायको नाम परिवर्तन गर्नुपरे रु.१०००। लाग्नेछर कृषि व्यवसायको हकमा रु.२००।- लाग्नेछ ।

६. अन्य वांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परिधि भित्र रही तोके बमोजिम हुनेछ, जुन सामान्यतया कारोवारको स्तर हेरी दण्ड जरीवाना लाग्नेछ ।

८. प्रत्येक व्यवसाय दर्ता गर्दा टिकेट अथवा निवेदन दस्तुर थप लाग्नेछ।

९.विशेष क्षमता(रातो र निलो कार्ड) भएका व्यक्तिहरुको नाम व्यवसाय दर्ता गर्दा निशुल्क गरिनेछ।

## अनुसूची ४

सवारी दर्ता तथा बार्षिक सवारी कर

| क्र.सं. | ािवषय | विवरण | दर्ता/वार्षिक नवीकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | | रिक्सा, अटो रिक्सा र ई-रिक्सा | प्रदेश कानुन बमोजिम हुने | |

## अनुसूची ५

### विज्ञापन कर

| क्र.सं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | होडिंग वोर्ड मूल पक्की सडक प्रति वर्ग फिट | ७० |
| २ | होडिंग वोर्ड मूल सडकका शाखा पक्की सडक प्रति वर्ग फिट | ५० |
| ३ | होडिंग वोर्ड शाखा रोड प्रति वर्ग फिट | ३० |
| ४ | फ्ल्यास वोर्ड मूल पक्की सडक प्रति वर्ग फिट | ८० |
| ५ | फ्ल्यास वोर्ड शाखा रोडमा प्रति वर्ग फिट नगर क्षेत्र भित्र | ६० |
| ६ | भित्तेलेखन प्रति वर्ग फिट | २० |
| ७ | पोल वोर्ड प्रतिगोटा | ६० |
| ८ | माथि उल्लेखित प्रकरण बाहेकका हकमा प्रति वर्ग फिट | २० |

**अन्य विषयहरु**

| | |
|---|---|
| १ | व्यानर प्रति २ हप्ता रु ५००। मत्र, सडक क्रस गरेर व्यानर राख्न पाईने छैन । |
| २ | व्यानर व्यापारीक प्रति गोटा रु.१०० मात्र (दुई हप्ताकालागि) |
| ३ | गेट राख्न न.पा.को स्वीकृति लिएर मात्र प्रति हप्ता रु.१०००। |
| ४ | न.पा.ले स्वीकृति दिई र सम्झौता गरेकामा लिन पाईने छैन । |
| ५ | न.पा.को स्वीकृत लिई नपाले उल्लेखित क्षेत्रमा मात्र लिन पाईने छ, अन्य क्षेत्रमा लिन न.पा.को स्वीकृति लिई उठाउन पाईने छ । |
| ६ | प्रचार प्रसार रिक्साबाट माईकिंग प्रतिदिन रु २००। मत्र राजनैतिक दल र सार्वजानिक सुचनामा लिन पाइने छैन । |
| ७ | वियर, मदिरा, चूरोट तथा सुर्तिजन्य पर्दाथको विज्ञापनलाई निजि तथा सार्वजानिक स्थलमा राख्न स्वीकृती दिइने छैन । |
| ८ | राजनैतिक, धार्मिक र सामाजिक व्यानर ३ हप्तासम्म नि:शुल्क राख्न दिने । |
| ९ | समुदाय भेला हुने स्थान जस्तै जिल्ला प्रशासन कार्यालय, अदालत, जि.स.स., न.पा., अगाडि न.पा.ले तोके बमोजिमका आकार प्रकारका होर्डिंगराख्नु पर्ने छ |

## अनुसूची ६

### मनोरञ्जन कर

१.नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरुवाट प्रत्येक टिकटमा लाग्ने प्रबेश शुल्कको ५ प्रतिशत हुने रकम मनोरञ्जन कर बापत असुल गर्न सकिने छ ।

२.सांकृतिक प्रदर्शन हल, नाच घर, दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्रि प्रदर्शनिमा प्रवेश शुल्कमा ५ प्रतिशत मनोरञ्जन कर लाग्नेछ ।

३.मनोरञ्जन करका लागि एकमुष्ठ रज्ञघतम नेकिएको मनोरञ्जन(जादु, सकर्श, चटक र मेला आयोजना स्थलमा) कर बापत अनुमतिका लागि गरीने सिफारीसका दस्तुर प्रत्येक दिन प्रज्ञघतम नोरञ्जन साधन रु १०००| लिईने छ ।

## अनुसूची ७

### बहाल विटौरी कर

**दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजारमा लगायत अन्य बहाल बिटौरी कर**

नगर क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहीक हाटबजारमा (अस्थायी हाट बजार र घुम्ति पसल) प्रतिदिन देहायका दरले कर लाग्नेछ ।

| क्र.सं. | बिषय | विवरण | दस्तुर |
|---|---|---|---|
| १ | माछा, मासु विक्रि सम्बन्धि | खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | १००। |
| | | माछा विक्रि गर्ने पसल | २५। |

| | | | |
|---|---|---|---|
| २ | **कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धि व्यवसायमा** | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसलमा | ५०। |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठूलो | २५। |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल सानो | २०। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | १०। |
| ३ | **तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसायमा** | फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | २५। |
| | | साग सब्जी डोकामा वा डालामा ल्याई बेच्ने | १०। |
| | | भारमा सव्जी ल्याई बेच्ने | १५। |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल ठूलोमा | २५। |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल सानोमा | २०। |
| | | फलफूल सागसव्जी प्रति बयलगाडा | २५। |
| | | फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | १०। |
| ४ | **खाद्यान्नसँग सम्बन्धित** | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि विक्रि गर्ने पसल | २०। |
| | | किराना पसल | २०। |
| | | माछा मासु तरकारी विक्रि गर्ने | ५०। |
| ५ | **परम्परागत सिप सँग सम्बन्धित व्यवसाय** | माटाका भाँडा बेच्ने पसल ठूलो | २५। |
| | | माटाका भाँडा बेच्ने पसल सानो | २०। |
| | | कूचो, कुनीया नांलो बेच्ने | २५। |
| | | जडिबुटी विक्रि गर्ने<br>कपाल काट्नेलाई | २५। |
| ६ | बसोबास तथा उपभोग सम्बन्धित | नगर क्षेत्रका ऐलानी, पर्ति तथा सार्वजनिक जग्गामा बसोवास तथा उपभोग गरे वापत तोकिए बमोजिको कर उठाईने छ। | |

\

**नगरपालिका क्षेत्रभित्रमा आफुले निर्माण रेखदेख वा सञ्चालन गरेको हाट वजार र सार्वजनिक स्थल, एलानी जग्गा वा सार्वजनिक जग्गामा अस्थायी पसल, घर वा अन्य जुनसुकै प्रकारका व्यवसाय लगायतमा वहाल विटौरी कर असुल गरिनेछ।**

| क्र.सं. | **विवरण** | **वडा नं.** | **आ.व. २०८०/०८१ का लागि पारित वार्षिक** |
|---|---|---|---|
| १. | ऐलानी वा सार्वजनीक जग्गामा व्यवसाय गरे वापत | ६, ७, ८, ९ र १० | प्रति वर्ग फिट रु १.५० |
| २. | ऐलानी वा सार्वजनीक जग्गामा व्यवसाय गरे वापत | १, २, ३, ४ र ५ | प्रति वर्ग फिट रु १ |
| ३. | ऐलानी वा सार्वजनीक जग्गामा खेती गरे वापत | सवै वडा | प्रति कठ्ठा रु ३० |
| ५. | ऐलानी वा सार्वजनीक जग्गामा वाटो छेउ घर टहरा वनाई वसेमा | ६, ७, ८, ९ र १० वजार क्षेत्र<br>६, ७, ८, ९ र १० अन्य क्षेत्र | प्रति धूर रु २५<br>प्रति धूर रु २० |
| ६. | ऐलानी वा सार्वजनीक जग्गामा वाटो छेउ घर टहरा वनाई वसेमा | १, २, ३, ४ र ५ वजार क्षेत्र<br>१, २, ३, ४ र ५ अन्य क्षेत्र | प्रति धूर रु १५<br>प्रति धूर रु १० |

| क्र.सं. | **बिषय** | **विवरण** | **शुल्क** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पशुपंक्षी विक्रि सँग सम्वन्धित | जिउँदो खसि, बोका, राँगा, सुँगुर बेच्नेलाई प्रतिगोटा | १००। | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर नलाग्ने |
| | | हाँस, परेवा, कुखुरा बेच्नेलाई | २०। | |
| २ | अन्य व्यवसायसँग सम्वन्धित कर | चुरा, धागो, टीका सृंगार मनिहारी सँग सम्बन्धित | २०। | |
| | | प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २५। | |
| | | बाँस प्रतिबयल गाडा | ५०। | |
| | | बाँस प्रति ट्रक | ५००। | |

| | | | | |
|---|---|---|---|---|
| | | खटियामा सामान राखी बेच्ने | १५। | |
| | | फलामको औजार तथा सामान बेच्ने | २०। | |
| | | भाँडाकुडा पसल | २५। | |
| | | फोटो फ्रेमिङ्ग | १५। | |
| | | मर्मत (कुकर, लाईट, छाता आदी) | २०। | |

नोटः माथि नपरेको व्यवसायको हकमा नगरपालिकाले निर्णय गरी रु १०। देखि रु १००। सम्म लिन सक्नेछ ।

## अनूसुची ८
## पार्किङ शूल्क

**सवारी पार्किङ्ग**

**स्वदेशी सवारी साधनमा नगरपालिकाले लगाउने पार्किङ.शुल्कः**

क. बस,ट्रक,लरी अन्य हेभी गाडी रु.२०

ख. माईक्रो,कार अन्य साना गाडी रु.१५

ग. विदेशी बस,ट्रक,लरी अन्य हेभी गाडी रु.५०

घ. विदेशी माईक्रो,कार अन्य साना गाडी रु.४०

ङ. ठेला,रिक्सा,रिक्सा भ्यान पटके रु ५

च. मोटरसाइकल रु ५।

**सवारी पार्किङ स्थान नगरपालिकाले तोके बमोजिम हुनेछ ।**

## अनूसुची ९
## दस्तूर तथा सेवा शूल्क

**क) सिफारीसहरुको हकमाः**

| क्र.सं. | विषय | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्बन्धि सिफारीस | मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस | ३००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. १००। |
| | | जग्गा नामसारी सिफारीस | ३००। एकमुष्ठ | |
| | | मोही लगत कट्टा सिफारीस | ४००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. ५०। |
| | | ऋपुताली सिफारीस दस्तुर | १५००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. २००। |
| | | चर किल्ला सिफारीस | न्युनतम ३००। | थप प्रतिकठ्ठा रु ३० एक कठ्ठा भन्दा माथि |
| | | निवेदन दस्तुर | १०। | |
| | | पक्की घर प्रमाणीत | ५००। | |
| | | कच्ची घर प्रमाणीत | १००। | |
| | | बसोवास प्रमाणीत | ३००। | |
| | | कालोपत्रे/पक्की बाटो प्रमाणित | ५००। | |
| | | ग्राभेल बाटो प्रमाणित | ३००| | |
| | | कच्ची बाटो प्रमाणित | १००| | |
| | | नाबालकबाट साबालकको जग्गा धनीपुर्जा सिफारिस दस्तुर | ३००| | |
| | | जग्गा धनीपुर्जा प्रतिलिपि दस्तुर | ३००| | |
| | | जग्गा धनीपुर्जामा फोटो तास सिफारिस | ३००| | |
| | | फिल्डमा नक्सा बमोजिम बाटो भएको अथवा नभएको सिफारिस | ३००| | |
| | | धितो रोक्का सिफारिस | २५०| | |
| | | व्यवसायिक घर कोठा खोल्ने | ५००। | |

| | | | | |
|---|---|---|---|---|
| | | आवासिय घर कोठा खोल्ने , घर नामसारी | २००। | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ५००। | एक कठ्ठा भन्दा बढिका लागी प्रति कठ्ठा रु ३००। |
| | | उद्योग सम्बन्धि घरमा आगलागि | ३००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | साना घरेलु उद्योगमा आगलागि सिफारीस | ३००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | मझौला उद्योगमा आगलागि सिफारीस | ४००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ठूला उद्योगमा आगलागि सिफारीस | ५००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | सर्वसाधारणको घर टहरामा आगलागि सिफारीस | निशुल्क | |
| | | नक्सा पास किताव दस्तुर | ५००। | |
| | | संघ संस्थाको बैक खाता खोल्दा | १००। | |
| | | रिक्सा ठेलाको ब्लु बुक दस्तुर | १००। | |
| | | नाम, उमेर थर लगायत संसोधन | ३००। | |
| | | व्यवसाय प्रमाण पत्र प्रतिलिपि दस्तुर | ३००। | नगरपालिका घोषणा हुनु पुर्व देखि बस्यौता हुने र नगरपालिकाले जारी गरेको प्रमाणपत्र नलिनेको हकमा रु. ५००। |
| | | पक्की घर कायम सिफारीस वा घर निमार्णधिन रहेको सिफारीस | प्रति वर्गफूट रू १ | |
| | | टिनको छाना भएको कच्ची घर कायम सिफारीस | २००। | जति क्षेत्रफल भए पनि |
| | | कच्ची घर सिफारीस | १००। | |
| | | पारिवारिक विवरण प्रमाणित/सिफारिस दस्तुर | ३००। | |
| | | उद्योग ठाउँसरी दस्तुर | १०००। | |
| | | तिनपुस्ते खुल्ने सिफारीस | ३००। | |
| ्२ | **नागरीकता सँग सम्बन्धित सिफारीस** | नागरीकता प्रमाणपत्र सिफारीस | २५०। | रातो तथा निलो कार्ड भएको विशेष क्षमता भएका अपांग व्यक्तिहरुको व्याक्तिगत सिफारिसहरुको हकमा नि:शुल्क |
| | | नागरीकता सर्जिमिन | ५००। | |
| | | अन्य जिल्लाको नागरीकता सिफारीस | २५०। | |
| | | अंगीकृत नागरीकता | ५००। | |
| | | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | २५०। | |
| ३ | पंजिकरण सँग सम्बन्धि प्रमाणीत सिफारीस | विवाह प्रमाणीत दस्तुर | १००। | नोटः अंग्रेजीमा सिफारिस बह्रो स्वत रु.५००। लाग्नेछ । उल्लेखित सिफारीसमा सर्जिमिन गर्न परेमा प्रति सर्जमिन रु ५००। थ्प दस्तुर लाग्ने छ । |
| | | जन्म प्रमाणीत दस्तुर | १००। | |
| | | मृत्यु प्रमाणीत दस्तुर | १००। | |
| | | बसाईसराई प्रमाणीत दस्तुर | १००। | |
| | | सम्वन्ध विच्छेद प्रमाणित दस्तुर | १००। | |
| | | अविवाहित प्रमाणित दस्तुर | २००। | |
| ४ | व्यक्तिसँग सम्बन्धित सिफारीस | स्थायी बसोबास प्रमाणित दस्तुर | ३००। | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन लाग्ने छ । |
| | | नाम फरक भई एउटै व्यक्ति हो भनि प्रमाणित दस्तुर | ३००। | |
| | | हकवाला तथा हकदार प्रमाणित दस्तुर | ३००। | |
| | | मृतक सँगको नाता प्रमाणित दस्तुर | २००। | |
| | | अन्य व्यक्तिगत विवरण प्रामाणित दस्तुर | ३००। | |

| | | | | |
|---|---|---|---|---|
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास भएका लागी | ३००। | |
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस नपा मा स्थायी बसोवास नभएको हकमा | ५००। | |
| | | नेपाली पेन्सन पट्ट बहाकका लागि गरेको जुनसुकै सिफारीस | २५०। | |
| | | कृषि ऋण सिफारिस | २५०। | |
| | | भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | ३००। | |
| | | अन्य देशका पेन्सन बहाकको हकमा | ५००। | |
| | | तमसुक सिफारिस तथा प्रमाणित दस्तुर(आर्थिक कारोवार) | क)१ लाख सम्म २००। ख)१ लाखदेखि माथि प्रति लाख रु.१००। | |
| | | कृषि संग सम्बधित सिफारीसको हकमा बोरीङ गर्न समेत | १००। | |
| | | बैदेशीक रोजगारीमा मृत्यु हुनेको सिफारीस | निशुल्क | |
| | | व्यवसाय बन्द सिफारीस | रु.१००\|- | चालु आ.व. सम्मको नवीकरण दस्तुर तिरेको हुनुपर्ने ! |
| | | पसल कोठामा आगजनी भएको | निशुल्क | |
| | | नाता प्रमाणीत नेपालीमा | ३००। | |
| | | नाता प्रमाणीत अग्रेजीमा | ५००। | |
| | | सम्पति मुल्यांकन बाहेक सबै प्रकारका अंग्रेजी सिफारीस | ५००। | छात्रवृत्तिको हकमा निशुल्क |
| | | विदेशी प्रयोजनका लागि कन्सुलर दस्तुर | १००\| प्रति प्रमाण/सिफारिस पत्र | नगरपालिकाले पुनः प्रमाणित गरेको हकमा |
| | | नम्बरी जग्गा साथै विद्यालय, मन्दिर तथा अन्य जग्गाको रुख काटी बेचबिखन सिफारीस | ३००। | १ भन्दा बढी रुख भए प्रति रु.५०। |
| | | सहुलीयत काठको सिफारीस | २००। विपद्को निशूल्क | दाउराको प्रयोजन भए प्रति ट्याक्टर रु १५००। |
| | | अन्य साधारण सिफारीस | २००। | विपद, जोखिममा परेका तथा असाध्य रोगी तथा निशुल्क उपचार तोकिएका निशुल्क। |
| | | संस्थागत तथा निजि घरायसी विद्युत मिटर जडान सिफारीस | २००। | |
| | | नगरपालिकाको अन्तर्गत सिचाईको मिटर जडान हकमा | १००। | |
| | | सिनेमा हल खोल्ने सिफारीस | १०,०००। | |
| | | ***मेला*** सर्कस अनूमति सिफारीस | ५०००। | |
| | | टेलीफोजन जडान सिफारीस | २००। | |
| | | संस्था दर्ता/नविकरण । सिफारिसजि.प्र.का.लाई गर्दा | ५००। | सेवा मुलक वा आयकर छुट भएका सस्था रु १०० |
| | | बन्द कोठा घर पसल आदि खोल्नु पर्दा सिफारिस | ५००\| | |

## ख) अमिन बाट गरीने सबै प्रकारका सिफारीसहरु

| क्र.सं. | विषय | विवरण | आमिन दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | माग निवेदको आधारमा १वटा जग्गा छूट्याउने काम | १ कठ्ठासम्म | १०००। | • एउटा जग्गा भन्नाले एउटा कित्ता नं. बुझ्नुपर्दछ । |
| | | १ कठ्ठादेखि माथि ५ कठ्ठासम्म | १५००। | |
| | | ५ कठ्ठा भन्दा माथि १० कठ्ठा सम्म | २०००\| | |

| | | | | |
|---|---|---|---|---|
| | | १० कठ्ठा भन्दा माथि १ विघा सम्म | २५००। | • किचलो परी आएको हकमाथप रु.१०००। लाग्नेछ। |
| | | १ बिघा १ देखि २ विघा सम्म | ३०००। | |
| | | २ विघा १ देखि माथि | प्रति कठ्ठा रु.१००।- | |
| २ | दुरी प्रमाणीत लगायतका अन्य अमिन संग जोडिएका सिफारीसहरु | बैकिङ प्रयोजनका लागी। | २५०। | |
| | | नगर तथा वडा स्तरीय योजना संचालन गर्दा उपभोक्ता समितिले अमिन माग गरेको हकमा | निःशुल्क | वडाको सिफारिस अनिवार्य |
| | | सामुदायिक विद्यालय तथा मठ मन्दिरको हकमा | निशुल्क | वडाको सिफारिस अनिवार्य |
| | | माथि उल्लेखीत बाहेकको हकमा | १०००। | |

**ग) उद्योग लगायतका सिफारीसहरू**

| क्र.सं. | विषय | विवरण | सिफारिसदस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारीस | चाउचाउ उद्योग | १५००। | |
| | | विष्कुट उद्योग | १५००। | |
| | | चप्पल उद्योग | २०००। | |
| | | सलाई उद्योग | २०००। | |
| | | प्लाई उद्योग | ३०००। | |
| | | सस उद्योग | ३०००। | |
| | | कपडा उद्योग | १०००। | |
| | | बरफ उद्योग | १०००। | |
| | | कन्फेसनरी उद्योग | २०००। | |
| | | काष्ठ उद्योग | २०००। | |
| | | स मिल सहितको काष्ठ उद्योग | ३०००। | |
| | | फर्निचर मात्र | २०००। | |
| | | ग्यारेज | मोटरसाइकल १५००।<br>साइकल ५००<br>गाडी ३००० | |
| | | दुई चक्का सवारीको हकमा | ३०००। | सवारी प्ररिक्षण केन्द्र |
| | | ठुला सवारीको हकमा | ५०००। | |
| | | पेट्रोल पम्प | २००००। | |
| | | मट्टितेल डिलर | ५०००। | |
| | | स्टेशनरी उद्योग | २०००। | |
| | | डिस्टीलरी उद्योग | १००००। | |
| | | हल्का पेय पदार्थ | ५०००। | |
| | | प्लाष्टीक उद्योग | ५०००। | |
| | | पाउरोटी केक | १५००। | |
| क्र.सं. | **विषय** | **विवरण** | सिफारिस दस्तुर | **कैफियत** |
| | | ग्रील उद्योग | ३५००। | |
| | | गलैचा उद्योग | ५०००। | |
| | | गामेन्ट उद्योग | ३५०० | |

| | | | | |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारीस | भूजीया मिल | ३०००। | |
| | | ईटा उद्योग आधूनीक भट्टा जडित | १५०००। | |
| | | ईटा तथा टायल आधूनीक यन्त्र जडान नगरीएको | १००००। | |
| | | पशु आहार | १०००। | |
| | | तामा आल्मुनीयम जस्ता धातु उद्योग | ५०००। | |
| | | प्रेश तथा प्रिन्टिङ्ग | २५००। | |
| | | जूस उद्योग | १०००। | |
| | | चुरोट विडी | १००००। | |
| | | बेतबांस फर्निचर | ५००। | |
| | | लूव्रिकेन्ट उद्योग | १००००। | |
| | | माथि उल्लेख नगरीएका उद्योगहरुको हकमा | २०००। | |

**(घ) निजी शिक्षण संस्था दर्ता एवम् अन्य कामका लागि सिफारीस**

**(शिक्षा सम्बन्धि सम्पुर्ण अधिकार नगरपालिकाले अभ्यास गर्न थाले पछि स्वीकृतिको लागी तल उल्लेखित दर नै लागू हूनेछ ।**

| क्र.सं. | विषय विवरण | दर्ता सुल्क | कैफियत |
|---|---|---|---|
| १ | पुर्व प्राथमिक | ८०००। | |
| २ | आधारभूत तह (१ देखि ८ कक्षा सम्म) | १२०००। | |
| ३ | माध्यमिक (९ देखि १२ सम्म ) | ३००००। | |
| ४ | क्याम्पस | ३५०००। | |
| ५ | प्राविधिक शिक्षण संस्था | ३००००। | |
| ६ | स्तर बृद्धी सिफारीस | १५००। | प्रति विषय |

**निजी शिक्षण संस्थाले तिर्नूपर्ने वार्षिक कर :**

| क्र.सं. | विवरण | **वार्षिक नवीकरण दस्तुर** | कैफियत |
|---|---|---|---|
| १ | पुर्व प्राथमिक | ८०००। | |
| २ | १ देखि ५ सम्म | १००००। | |
| ३ | ८ कक्षा | १५०००। | |
| ४ | १० कक्षा | २००००। | |
| ५ | १० + २ | २५००० | |
| ६ | क्याम्पस | ३००००। | |
| ७ | प्राविधिक शिक्षण संस्था | २५०००। | |

->कक्षा ८ को ग्रेड सिटको प्रतिलिपि (हराएको हकमा) = रु.५००।-

->कक्षा ८ को ग्रेड सिटको प्रतिलिपि(सच्याउनुपर्ने हकमा) = रु.२००।-

**(ङ) घरबाटो प्रमाणीत (अंशवण्डा, हकछोड्ने परिवार भित्र नामसारी, बकस, दाईजो, बैंकिंग प्रयोजन,आदिको हकमा)**

| क्र.सं. | विवरण | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | १० कठ्ठा सम्म रु.३००। त्यो भन्दा माथि प्रति कठ्ठा रु.५०। | |

| | | | |
|---|---|---|---|
| २. | आवासीय तथा व्यावसायिक क्षेत्र(मुख्य बजार क्षेत्र ) | १ कठ्ठा सम्म रु.१०००। र एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु.२००। | |
| ३. | आवासीय तथा व्यावसायिक क्षेत्र(अन्य) | १ कठ्ठा सम्म रु.७००। र एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु.१००। | |
| ४. | औद्योगिक क्षेत्र | १ बिघा सम्म रु.१०००। र प्रति विघा रु.५००। | |
| ५. | नदी क्षेत्रमा परेको जग्गा | १ बिघा सम्म रु.५००। र प्रति विघा रु.४००। | |

**नोटः मुख्य बजार भन्नाले झुर्किया (वडा नं.-४), आमवारी(वडा नं.-४,५,६), शनिश्चरे बजार (वडा नं.-६),सौंठा(वडा नं.-६), कादुपडा (वडा नं.-६), दाम्राभिट्टा(वडा नं.-८), इटहरा(वडा नं.-८,९), भौडाह(वडा नं.-९), सोमबारे बजार(वडा नं.-१०), भद्र चौंक(वडा नं.-४) र घर्रु चौंकलाई जनाउदछ ।**

**नोटः नगरपालिकाको कार्यालय तथा अन्तर्गतको कार्यालयहरुलाई जग्गा अनुदानको हकमा निशुल्क।**

च) घरबाटो प्रमाणीत (राजिनामा□विक्री प्रयोजनका लागि):

| क्र.सं. | विवरण | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | १० कठ्ठा सम्म रु.५००। त्यो भन्दा माथि प्रति कठ्ठा रु.१००। | |
| २ | आवासीय तथा व्यावसायिक क्षेत्र(मुख्य बजार क्षेत्र) | १० धुर सम्म रु.६००। र १० धुर भन्दा माथि प्रति धुर रु.५०। | |
| ३ | आवासीय तथा व्यावसायिक क्षेत्र(अन्य) | १कठ्ठा सम्म रु.५००। र १ कठ्ठा भन्दा माथि प्रति कठ्ठा रु.२००। | |
| ४ | औद्योगिक क्षेत्र | १० कठ्ठा सम्म रु.१०००। त्यो भन्दा माथि प्रति कठ्ठा रु.१००। | |
| ५ | नदिक्षेत्रमा परेको | १० कठ्ठा सम्म रु.३००। त्यो भन्दा माथि प्रति कठ्ठा रु.५०। | |

**नोटःमुख्य बजार भन्नाले झुर्किया (वडा नं.-४),आमवारी(वडा नं.-४,५,६),शनिश्चरेबजार(वडा नं.-६),सौंठा(वडा नं.-६),कादुपडा (वडा नं.-६),दाम्राभिट्टा(वडा नं.-८),इटहरा(वडा नं.-८,९),भौडाह(वडा नं.-९),सोमबारे बजार(वडा नं.-१०),भाद्र चौंक(वडा नं.-४) र घर्रु चौंकलाई जनाउदछ ।**

(छ) घरनक्सा पास दस्तुर

| क्र.सं. | विषय | विवरण | नक्सा पास दस्तुर (प्रति वर्गफिट) | नक्सा अभिलेखीकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | १००० वर्गफिट सम्म | ५।- | नक्सा पास दस्तुरमा लाग्ने शुल्कमा थप ५०% दस्तुर लाग्नेछ । | * घर नक्सा निरीषण तथा सर्जमिन दस्तुर भिन्दै लाग्नेछ । |
| | | १००० देखि माथि २००० वर्गफिट सम्म | ६।- | | |
| | | २००० देखि माथि ३००० वर्गफिट सम्म | ७।- | | |
| | | ३००० देखि माथि ४००० वर्गफिट सम्म | ८।- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४००० देखि माथि जति भएपनि | ९\|- | | |
| | | पर्खाल प्रति रनिङ्ग | ५\|- | | |
| | | काठको घर वा टाँडे घर | १\|- | | |
| | | भुई तलामा पक्की दिवाल भई माथि टिनको छाना भएको | २\|- | | |
| | | साविक गा.वि.स.बाट नक्सा प्रमाणित लियेकाहरुका हकमा नक्सा पास प्रक्रिया आउँदा उल्लेखित नक्सा पुनः प्रमाणित गर्नुपरेमा । | रु.२०००\| | | |
| | | सरकारी भवन,मठ मन्दिर,सार्वजनिक महत्वका भवनको नक्सा पास गर्दा | १०००\|- (एकमुष्ट) | | |
| | | नक्सा संशोधन दस्तुर | रु.१५००\|- | | |

| क्र.सं. | विवरण | दस्तुर | | |
|---|---|---|---|---|
| १. | **घर<br>नक्सा नामसारी दस्तुर** | क)आर.सी.सी. घरको हकमा प्रति वर्गफिट रु.२ \|-<br>ख) पक्की दिवाल तिनको छाना भएको हकमा प्रति वर्गफिट रु.१\|-<br>ग) अन्य एकमुष्ट रु.५००\|- | | |
| २. | घर नक्सा निरीषण तथा सर्जमिन दस्तुर | | ३००। | |
| | लेआउट दस्तुर | | २००। | |
| | सार्वजनिक पूर्वाधार मर्मत दस्तुर | | २००। | |
| | थ्रिफेज लाईन जडान सिफारीस | | १०००। | |
| | खानेपानीको धारा जडान | | २००। | |
| | नगरपालिकामा संघ/संस्था | दर्ता शुल्कः रु.१५००\| | वार्षिक नवीकरण दस्तुरःरु.१०००। | नगरपालिका भित्र मात्र कार्य क्षेत्र भएको संघ/संस्था दर्ता गर्ने हकमा |
| | निजी वन | रू १५००\| | रू १०००\| | |
| | टोल विकास संस्था | दर्ता शुल्कः रु.५००\| | वार्षिक नवीकरण दस्तुरःरु.३००। | |
| | रिक्सा ठेला दर्ता, नविकरण तथा नामसारी दस्तुर | | १५०। | |
| | जुनसुकै प्रकारका सरजमिन | | ३५०। | |
| | माथि उल्लेख नभएका दस्तुरको हकमा | | ५००। | ठेला, रिक्सा बाहेक |
| ३. | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | | १०००। | |
| | घरको नक्साको प्रतिलिपी | | १०००। | |
| | अन्य प्रमाण-पत्र | | ५००। | |
| | मालपोत तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि दस्तुर | | १००। | |
| | नगदी रसिदको प्रतिलिपि दस्तुर | | ५०। | |
| | न्यायिक समितिको निर्णयको प्रतिलिपि | | रु. १०\|- प्रतिपाना | |
| | उजुरी दस्तुर | | रु.१००\|- | |
| ४. | प्रति उत्तर दस्तुर | | रु.१०० / | |
| ५. | अन्य प्रतिलिपि | | १०/ | |

## अन्य सेवा शुल्क

| क्र.सं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | १ लाख सम्म ३००। प्रति लाख १५०। | सम्पत्ति मूल्यांकन अंग्रेजीमा सिफारिस गर्दा कम्तिमा रु.५००।- लाग्नेछ र सम्पत्ति मूल्यांकन गर्दा रु.५००।- भन्दा बढी भए मुल्यांकन दररेट अनुसार नै दस्तुर लाग्नेछ ! |
| २ | आयश्रोत मूल्यांकन प्रमाणीत शुल्क | १ लाख सम्म ३००। प्रति लाख १००। | |
| ३ | सार्वजनिक शौचालय प्रयोगमा | दिशा गरेको रु.१०। पिसाब फेरेको रु.५। | |
| ४ | फोहोर मैला व्यवस्थापन सेवा शुल्क | नगरपालिकाले तोके बमोजिम हुने । | |
| ५ | अन्य विबिध सेवा शुल्क | प्रकृति हेरी रु १००। द्येखि २०००। सम्म नपाले तोक्न सक्ने । | |

## दण्ड जरीवाना:

| क्र.सं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | रु. २००। | सर्जमिन सिफारिस गर्नुपर्ने भएमा एकमुष्ठ ५००। लिने । |
| ३ | घटना दर्ताको प्रतिलिपि | रु. ५०० | |
| ४. | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता हेरेको | रु.२०० | |
| ५ | सामाजिकसुरक्षा भत्ता परिचयपत्र कार्ड प्रतिलिपि | रु.१००। | |
| ६ | निशेधित प्लास्टिक प्रयोग गर्नेका हकमा | १००० देखि १५००० सम्म | प्लास्टिक निशेधित क्षेत्र घोषण भए पछि कार्यान्वयन हुने र सो को सूचना स्थानीय रेडियो र पत्रपत्रिका मार्फत जानकारी गराईने छ । |
| ७. | जथाभावि चौपाया छोड्नेका हकमा | प्रति दिन १०० देखि ५०० सम्म | गाई, भैसि, गोरुको रु ५००। जरीवाना र खाना खर्च रु २५० प्रतिदीन ।<br>बाछा बाछि र पाडापाडिको हकमा सो को पचास प्रतिशत<br>माथि उल्लेखित बाहेकका चौपायाको हकमा जरीवाना रु ३००। र खुराकी १५०। प्रतिदिन । पाठापाठि लगायतको हकमा सोको पचास प्रतिशत सात दिन सम्म पनि चौपाया लिन चौपाया धनी नआएमा नगरपालिकाले लिलाम गर्ने छ । |
| ८. | मालपोतको हकमा एक बर्ष सम्मको बक्यौताका लागि | १० प्रतिशत | दोश्रो वर्षदेखि प्रत्येक वर्ष थप १० प्रतिशत जरिवाना |
| ९. | व्यवसायको बक्यौता | १० प्रतिशत | |

| | | | |
|---|---|---|---|
| ११. | नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | रु.२५०। | |
| १२ | म्याद नागेका सिफारिस पुनःसिफारिस गर्दा | पहिला लागेको दस्तुर लाग्ने | सिफारिस पत्रमा च.नं. र मिति नयाँ भएको हकमा |
| १३. | म्याद नागेको नक्सा पास दस्तुर | थप रु.१०००। | घर निर्माण अनुमति पाएको २ वर्ष म्याद कटेको हकमा निवेदकले ढिलो गरेको हकमा |
| १४. | म्याद नागेको नक्सा पास बाहेक अन्य दण्ड जरिवाना | रु.१०००। | प्रमाणपत्र जारिभएको मिति देखि १ महिना पछि लिन आएमा |

<u>अनूसुची १०</u>

# सम्पत्ति कर

| क्र.सं. | विषय | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पती कर | पक्की घर प्रति वर्गफिट | ०.७। | * सरकारी भवन,मठ मन्दिर, सार्वजनिक महत्वका भवनको कर लिईने छैन । |
| | | भुई तलामा पक्की दिवाल भुई माथि तिनको छाना भएको | ३००। (वार्षिक एकमुष्ट) | |
| | | टाडे काठको घर | १००। (वार्षिक एकमुष्ट) | |
| | | ***फुसको घर (सुकुम्वासी वाहेक)*** | ५०। (वार्षिक एकमुष्ट) | |

**अनूसुची ११**

सडक उपयोग सेवा शुल्क

उर्लावारी - आमवारी - विराटनगर सडक र हुलाकी सडक वाहेक

| क्र.सं. | विवरण | इकाई | आ.व. २०८२/८३ को लागि प्रति ईकाई दर रु |
|---|---|---|---|
| १. | भारतिय नं. को ट्रक, ट्रिपर र डोजर, मिनिवस, मिनि ट्रक ट्रयाक्टर लगायत चार चक्के | आतेजाते एक पटक | रु ५० |
| २. | नेपाली नं. को ट्रक, ट्रिपर र डोजर, लगायत ठुला सवारी साधन | आतेजाते एक पटक | रु ३० |
| ३. | नेपाली नं. को मिनि वस, मिनि ट्रक, ट्रयाक्टर ट्रलि लगायतका सवारी साधन | आतेजाते एक पटक | रु २० |
| ४. | टेम्पो, कार, वोलेरो, जिप, ट्याक्सी आदी | आतेजाते एक पटक | रु १० |